# सुदूरपश्चिम विश्वविद्यालय

# कृषि विज्ञान संकाय, डीनको कार्यालय

## टीकापुर बहुमुखी क्याम्पस, टीकापुर, कैलाली

# प्रवेश परीक्षा/भर्ना निर्देशिका २०७७

१. प्रवेश परीक्षा शुल्क रू. २,५००।- (दुईहजार पाँचसय) ।
२. प्रवेश परीक्षा शुल्क रू. ५,०००।- (पाँचहजार) विलम्ब शुल्क सहित ।
३. प्रत्येक आरक्षित कोटाको लागि थप रू. १,०००।- (एकहजार) अतिरिक्त शुल्क लाग्नेछ ।
४. प्रवेश परीक्षा आवेदनफाराम भर्ने म्याद :

(क) ईच्छुक आवेदक विद्यार्थीहरूले मिति २०७७।१०।०७ गतेदेखि मिति २०७७।११।०७ गतेसम्म (विलम्ब शुल्क रहित) र मिति २०७७।११।०८ गतेदेखिमिति २०७७।११।१४ गतेसम्म (विलम्ब शुल्कसहित ) कार्यालय समयभित्र नेपाल बैकं लिमिटेड टीकापुर, कैलालीमा रहेको कृषि विज्ञान संकाय, डीनको कार्यालय, टीकापुरको चल्ती हिसाब खाता नं. १०७००१०६५५३८२५००००१ मा दाखिला गरेको सक्कल बैकं भौचर एवं आवश्यक कागजातहरू समावेश गरी निर्धारित आवेदन फाराम भरी यस टीकापुर बहुमुखी क्याम्पस टीकापुर, कैलालीमा बुझाउनु पर्नेछ । साथै यस कृषि विज्ञान संकाय, डीनको कार्यालयको वेबसाईट www.fwuag.edu.np मा Online आवेदन फारामपनि भर्न सकिनेछ र Online आवेदन फाराम भर्ने विद्यार्थीले बैकं भौचर लगायत आवश्यकपर्ने सम्पूर्ण प्रमाणपत्रहरूको स्क्यान गरी उक्त वेबसाईट मार्फत् पठाउनुपर्नेछ ।

(ख) रित नपुगी आएका आवेदन फाराम वा आवश्यक कागजात नपुगी आएका परीक्षार्थीहरूलाई प्रवेश परीक्षामा समावेश गराइने छैन ।

(ग) प्रवेश पत्र वितरण मिति २०७७।११।१८ गते बिहान ७ बजेदेखि १० बजेसम्म टीकापुर बहुमुखी क्याम्पसबाट गरिनेछ ।

(घ) प्रवेश पत्र लिन आउँदा नागरिकता प्रमाण पत्रको सक्कल र Online आवेदन फाराम भर्ने विद्यार्थीले सक्कल बैक भौचर, भर्ना आवेदन फाराम र भर्ना आवेदन फारामसँग Upload गरेका संलग्न सम्पूर्ण प्रमाणहरूको १/१ प्रति छाँयाकपी समेत लिई आउनु पर्नेछ ।

(ङ) भर्ना हुँदा सम्पूर्ण प्रमाण पत्रहरूको सक्कल अनिवार्य रूपमा बुझाउनुपर्नेछ ।

५. प्रवेश परीक्षा मिति २०७७।११।१८ गते मंगलबार बिहान ११:३० बजे टीकापुर बहुमुखी क्याम्पस, टीकापुर, कैलालीमा सञ्चालन हुनेछ र नतिजा प्रकाशन पनि सोही मितिमा गरिनेछ ।
६. यस भर्ना सूचना अनुसार जम्मा विद्यार्थी भर्ना कोटा एकसय (१००) जना रहनेछ ।
७. **आरक्षित छात्रवृत्ति व्यवस्था :**

सुदूरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकाय, डीनको कार्यालय टीकापुर बहुमुखी क्याम्पसद्वारा पच्चिस प्रतिशत (२५%) छात्रवृत्तिको व्यवस्था गरिएको छ जसमध्ये सुदुरपश्चिम प्रदेश का ९ वटा जिल्लाहरू (सम्बन्धित जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट SEE वा +2 वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरूमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईने) मध्ये प्रत्येक जिल्लाबाट १/१ गरी ९ जना, महिला २ जना, पुरूष २ जना, प्राध्यापक तथा कर्मचारीका श्रीमान्/श्रीमति/छोरा/छोरी मध्येबाट २ जना, मधेशी २ जना, दलित २ जना, जनजाति २ जना, स्थानीय २ जना (टीकापुर नगरपालिका क्षेत्रमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट SEE वा +2 वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरूमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईने), अपाङ्ग १ जना र पिछडा क्षेत्रबाट १ जना (सम्बन्धित क्षेत्रमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट SEE वा +2 वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरूमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईने) लाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको छ।

(क) छात्रवृतिका लागि आवेदन गर्न इच्छुक परीक्षार्थीले आवश्यक सम्पूर्ण प्रमाण पत्र र सम्बन्धित निकायको सिफारिस एवं अन्य आवश्यक कागजातहरूको सक्कलप्रति संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

८. भर्नाको लागि आवश्यक पर्ने शैक्षिक योग्यताका लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, बिदेशी बोर्डबाट भए समकक्षता प्रमाणपत्र, नागरिकताको प्रतिलिपि तथा आरक्षित कोटामा भर्नाको लागि सम्बन्धित निकायको सिफारिस पत्रको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो संलग्न गरी पेश गर्नुपर्नेछ । साथै भर्ना फाराम भर्दा Website राम्री हेरी सोही Format मा Computer Type गरी भर्नु पर्नेछ ।
९. भर्नाको लागि आवश्यक न्यूनतम योग्यता प्रमाण पत्र तहमा (विज्ञान) अथवा १०+२ मा (विज्ञान/कृषि), तीन वर्षे कृषि डिप्लोमा वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अनिवार्य अंग्रेजी, रसायनशास्त्र, जीवशास्त्र र कम्तीमा पचास (५०) पूर्णाङ्कको गणित एवं भौतिकशास्त्र विषय अध्ययन गरी कुल प्राप्ताङ्कको पचास प्रतिशत (५०%) अङ्क प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ वा सो सरहमा $C^+$ Grade/2.4 CGPA प्राप्त गरेको हुनुपर्नेछ ।
१०. प्रवेश परीक्षाको उत्तीर्णाङ्क पचास प्रतिशत (५०%) रहनेछ ।
११. SLC/SEE (१०%) १०+२ (विज्ञान/कृषि) वा तीन वर्षे कृषि डिप्लोमा (१०%) र प्रवेश परीक्षाको (८०%) अङ्कभार कायम गरी योग्यता सूचि तयार गरिनेछ योग्यताक्रम अनुसार नै भर्नाको अन्तिम नामावली प्रकाशित गरिनेछ ।
१२. प्रवेश परीक्षामा प्रमाणपत्र तहको निम्नानुसारका अनिवार्य अंग्रेजी, रसायनशास्त्र, जीवशास्त्र, गणित, भौतिकशास्त्र, कृषि तथा पशु विज्ञानका विषयहरू र सामान्य ज्ञानबाट प्रश्नहरू समावेश गरिनेछ साथै प्रश्नहरू वस्तुगत हुनेछन् ।
१३. यस शैक्षिक सत्र २०७७/०७८ सालको भर्ना र शिक्षण शिक्षण शुल्क सम्बन्धी केहिदिनपछि Website मार्फत जानकारी गराईने छ।
१४. प्रवेश परीक्षा सम्बन्धी थप जानकारिका लागि कृषि विज्ञान संकायको टेलिफोन नं. ०९१-५६०८२४/०९१-५६०२६५ मा सम्पर्क गर्न वा www.fwuag.edu.np मा हेर्न सकिनेछ ।

**प्रवेश परीक्षा समिति**